गजुरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(शिक्षा युवा तथा खेलकुद शाखा)
बागमती प्रदेश, गजुरी, धादिङ

प.सं :-२०७९/८०    मिति :- २०७९/१०/१५

च.न :- १०३८

**श्री सम्पूर्ण सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरु (कक्षा ९ - १२) ,गजुरी गाउँपालिका , धादिङ ।**

विषय : राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा ।

प्रस्तुत विषयमा यस गजुरी गाउँपालिकाको स्थानीय तह राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यस गा.पा. र गा.पा. भित्रका माध्यमिक विद्यालयका प्र.अ. बैठकको निर्णयानुसार, यस गजुरी गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक तथा सस्थागत माध्यमिक विद्यालयहरु सहभागी हुने गरी मिति २०७९।१०।२७ देखि २०७९।१०।२९ गते सम्म गलौदी खेलमैदान, गजुरी-५, धादिङमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तपशिल बमोजिम संचालन हुने भएकोले तपशिल अनुसार खेलाडीहरु तयारी गरी सहभागी गराइदिनुहुन अनुरोध छ ।

तपशिल

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा समावेश गरिने खेलहरु

१. भलिवल (छात्रा र छात्र दुवै) , खेलाडी संख्या : बढीमा ९/९ जना ।
२. कबड्डी (छात्रा र छात्र दुवै) , खेलाडी संख्या : बढीमा ९/९ जना ।
३. एथ्लेटिक्स
क) दौड (ट्र्याक तर्फ)
(छात्रा/छात्र) दुवै तर्फ : १०० मि., २०० मि., ४००, ८०० मि., १५०० मि., ३००० मि., ४×१०० मि. रिले र ४×४०० मि. रिले (खेलाडी संख्या : बढीमा २/२ जना) ।
ख) उफ्रने र फ्याक्ने (फिल्ड तर्फ)

छात्रतर्फ : हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम र सटपुट १२ पाउन्ड (खेलाडी सङ्ख्या : बढीमा २/२ जना) ।

छात्रातर्फ : हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम र सटपुट ८ पाउन्ड (खेलाडी सङ्ख्या : २/२ जना) ।

क्रमश:

गजुरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(शिक्षा युवा तथा खेलकुद शाखा)
बागमती प्रदेश, गजुरी, धादिङ

प.सं :- २०७९/८०　　　　　　　　　　　　　　मिति :- २०७९/१०/१५

च.नं. :-

<u>पुनश्च :</u>

१. रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०(संशोधन सहित) अध्ययन गर्नुहुन । सोही बमोजिम खेलकुद सञ्चालन हुनेछन् ।

२. खेलकुद कार्यक्रम सञ्चालन बारे सम्बन्धित विद्यालयको प्र.अ. लाई अभिमुखीकरण गरी आवश्यक फारम पठाइएको छ ।

३. खेलकुदमा सहभागी हुन १८ बर्ष भन्दा मुनीका कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरु हुनु पर्नेछ ।

४. सम्बन्धित विद्यालयले आफू सहभागि हुने खेल, खेलाडी तथा खेल शिक्षकको विवरण प्रमाणित गरी मिति २०७९/१०/२३ गतेसम्ममा शिक्षा शाखामा पेश गरिसक्नुपर्ने छ ।

५. खेल उद्घाटनको दिन ११ बजे विद्यालयको व्यानर र राष्ट्रिय झण्डासहित गाउँपालिका भवन परिसरबाट खेलाडीसहितको टीम कार्यक्रम स्थलतिर जाने र १२ बजे हुने उद्घाटन समारोहमा सरिक हुने । यस अवधिको प्रस्तुतीको लागि प्रथम, द्धितीय र तृतीय हुने विद्यालयलाई पुरस्कारको व्यवस्था गरिएको छ ।

६. खेल तालिका मिति २०७९/१०/२५ गते दिउँसो २:०० बजे पछि सार्वजनिक गरिने छ ।

भीमसेन विष्ट
शिक्षा अधिकृत